# स्थानीय राजपत्र

## भाग-२ खण्ड १० संख्या १

## बागलुङ नगरपालिकाद्वारा प्रकाशित

**विद्यालय व्यवस्थापन समिति गठन सम्बन्धि कार्यविधि**

**२०८२**

अनुसूची २

(दफा ४ तथा अनुसूची १ को भाग-२ संग सम्बन्धित)

बागलुङ नगरपालिका

# स्थानीय राजपत्र

खण्ड १० संख्या १, २०८२ श्रावण २७

**भाग–२**

## बागलुङ नगरपालिका

## विद्यालय व्यवस्थापन समिति गठन सम्बन्धि कार्यविधि २०८२

### प्रस्तावना

बागलुङ नगरपालिका अन्तर्गत संचालित सामुदायिक विद्यालयहरुको संचालन रेखदेख नियन्त्रण तथा व्यवस्थापन गरी सेवा क्षेत्रका सम्पूर्ण बालबालिकाहरुलाई सहज शैक्षिक पहुँच प्रदान गर्न विद्यालयमा शान्तिपूर्ण र बालमैत्री वातावरण निर्माण गर्न र सम्पूर्ण अभिभावक एवं शिक्षाका सरोकारवालाहरुलाई विद्यालय प्रति अपनत्वको भावना जागृत गराई विद्यालयको शैक्षिक, आर्थिक,

भौत्तिक, प्रशासनिक एवं व्यवस्थापकीय पक्षको सुदृढीकरण गरी गुणस्तरीय शिक्षा प्राप्तिको लागि सहयोग गर्ने उद्देश्यले नगर शिक्षा ऐन २०७६ को दफा १० बमोजिमको बिद्यालय व्यवस्थापन समिति गठनमा सहजता प्रदान गर्ने प्रयोजनको लागि नगर शिक्षा ऐन २०७६ को दफा ४४ ले दिएको अधिकार प्रयोग गरी बागलुङ नगरपालिकाको प्रशासकीय नियमित गर्ने कार्यविधि ऐन २०७५, को दफा ४ बमोजिम यो कार्यविधि जारी गरेको छ ।

## परिच्छेद १

### १. संक्षिप्त नाम र प्रारम्भः

(क) यस कार्यविधिको नाम **विद्यालय व्यवस्थापन समिति गठन सम्बन्धी कार्यविधि, २०८२** रहनेछ ।

(ख) यस कार्यविधिलाई बागलुङ नगरपालिका भित्र संचालित सामुदायिक विद्यालयको व्यवस्थापन समितिको छनौट प्रक्रियाका सन्दर्भमा प्रयोग गरिनेछ ।

(ग) यो कार्यविधि तुरुन्त लागु हुनेछ ।

### २. परिभाषाः विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमाः

(१) विद्यालय भन्नाले बागलुङ नगरपालिकामा संचालित सामुदायिक विद्यालय सम्झनुपर्छ ।

(२) शिक्षक भन्नाले बागलुङ नगरपालिकामा संचालित सामुदायिक विद्यालयमा कार्यरत शिक्षकलाई सम्झनुपर्छ ।

(३) कर्मचारी भन्नाले बागलुङ नगरपालिकामा कार्यरत कर्मचारी एवं कुनै पनि निजामति कर्मचारीलाई सम्झनुपर्छ ।

(४) विद्यालय व्यवस्थापन छनौट सहयोग समिति भन्नाले कार्यविधिमा उल्लेख भए अनुसारको सहयोग समिति सम्झनुपर्छ ।

(५) विद्यालय व्यवस्थापन समिति भन्नाले नेपाल सरकारको तोकिएको अधिकारी वा कार्यालयबाट अनुमति वा स्वीकृति लिई संचालित सामुदायिक विद्यालयहरुमा शिक्षा नियमावली एवं यसै कार्यविधि अनुसार गठन भएको तथा यस कार्यविधि लागु हुनुपुर्व गठित विद्यालय व्यवस्थापन समितिलाई सम्झनुपर्छ ।

(६) अभिभावक भन्नाले विद्यालयमा पठनपाठन गर्ने विद्यार्थीका वाबु, आमा, दाजु, भाई, दीदी, बहिनी, बाजे, बज्यै वा विद्यार्थीको पालन पोषण गर्ने र पठनपाठनको व्यवस्था मिलाउने व्यक्तिलाई सम्झनुपर्छ । तर वि.व्य.स. गठन प्रयोजनको लागि बुवा, आमा र सो नभएको खण्डमा बाजै सो नभएमा बज्जै अभिभावक मानिने छ ।

(७) स्थानीय तह भन्नाले बागलुङ नगरपालिका, नगर कार्यपालिकाको कार्यालय सम्झनुपर्छ । साथै स्थानीय तहको

प्रतिनिधि भन्नाले वडा कार्यालय वा पालिकाले खटाएको प्रतिनिधि समेतलाई सम्झनुपर्दछ ।

(८) अध्यक्ष र सदस्य भन्नाले नगर शिक्षा ऐन २०७६ को दफा १० बमोजिम गठन भएको समितिमा रहेको अध्यक्ष र सदस्यलाई सम्झनुपर्छ ।

(९) चन्दा दाता भन्नाले सामुदायिक विद्यालयलाई रु. दश लाख वा सो बराबरको रकम, घर जग्गा उपलब्ध गराउने व्यक्ति वा अभिभावक सम्झनुपर्दछ ।

(१०) संस्थापक भन्नाले विद्यालयको स्थापना गर्ने वा स्थापना र विकासमा शुरुदेखि निरन्तर सहयोग पुन्याउने वा सोको अगुवाई गर्ने व्यक्तिलाई सम्झनुपर्छ । सो शब्दले सोही परिवारका अन्य सदस्यलाई समेत जनाउँछ ।

(११) शिक्षा प्रेमीरबुद्धिजिवी भन्नाले शिक्षा प्रति सकारात्मक सोच भएका, सामाजिक विकास एवं शैक्षिक चेतना अभिवृद्धिमा प्रत्यक्ष वा अप्रत्यक्ष ढंगले टेवा पुन्याउने व्यक्ति सम्झनुपर्छ ।

(१२) शैक्षिक सत्र भन्नाले विद्यालयमा पठनपाठन गर्ने प्रत्येक वर्ष बैशाख १ गते देखि चैत मसान्त सम्मको अवधिलाई सम्झनुपर्छ ।

# परिच्छेद २

## अध्यक्ष तथा सदस्यको छनौट प्रक्रिया

### ३. अध्यक्ष तथा सदस्यको छनौट सम्बन्धी व्यवस्था :

(१) सामुदायिक विद्यालयको व्यवस्थापन समितिको अध्यक्ष र सदस्यहरुको छनौट गर्ने प्रयोजनका लागि शैक्षिक सत्र शुरु भएको ३० दिन भित्र कम्तीमा सात दिनको सूचना दिई अभिभावकको भेला गर्नु पर्नेछ। तर निर्धारित पदावधि समाप्त भएको कारण अध्यक्ष वा सदस्यको छनौट गर्ने प्रयोजनका लागि त्यसरी अध्यक्ष वा सदस्यको पदावधि समाप्त हुनुभन्दा ३० दिन अगावै गर्नु पर्नेछ तर विद्यालयले उल्लेखित समयमा अभिभावक भेला नबोलाएमा सो सुचना प्राप्त गरेको ३० दिन भित्र नगरपालिकाले विद्यालयका प्र.अ.लाई आवश्यक कारवाही गरी विद्यालय व्यवस्थापन समिति गठन गर्नको लागि भेला बोलाउन आवश्यक निर्देशन दिन सक्नेछ। अध्यक्ष र सदस्यको पद रिक्त भएमा पदपुर्ति गर्नको लागि त्यसरी रिक्त भएको १५ दिन भित्र अभिभावक भेला बोलाउनु पर्नेछ।

(२) विषम र संकटकालिन परिस्थिति परी वा प्रतिकूल सुरक्षाका कारण नगर शिक्षा समितिको निर्णय वा नेपाल सरकारको निर्देशनमा वाहेक तालिका अनुरुप छनौट कार्य रोक्न पाइने छैन।

(३) ३० दिन भित्र नसकिने मनासिव कारण भए नगर शिक्षा समितिको सहमतिमा १५ दिन म्याद थप गर्न सकिनेछ । थपिएको म्याद भित्र अभिभावक भेला नगराई व्यवस्थापन समिति गठन नगर्ने विद्यालयको हकमा नगर शिक्षा समितिले आवश्यक विशेष व्यवस्था गरी विद्यालय व्यवस्थापन समिति गठन गर्न लगाउने छ ।

## ४. अभिभावकहरुको नामावली प्रकाशनः

(१) अभिभावक भेला गराउन ३ दिन अघि कार्यविधिको दफा ५ बमोजिम गठित अभिभावक सहयोग समितिले विद्यालयको विद्यार्थी भर्ना अभिलेखमा उल्लेख भए बमोजिमका अभिभावकको नामावली सम्बन्धित विद्यालयमा सबैले देख्ने स्थानमा अनुसूची १ को ढाँचामा सार्वजनिक गर्नुपर्नेछ । अभिभावकको सूची प्रकाशन गरी सकेपछि भर्ना भएका विद्यार्थीको अभिभावकको नाम यस प्रयोजनको लागि मान्य हुने छैन।

(२) विद्यालय व्यवस्थापन समितिको छनौट प्रयोजनको लागि अभिभावकहरुको नामावली प्रकाशन गर्दा सम्बन्धित विद्यालयमा अध्ययनरत बालबालिकाहरुका बाबु वा आमाको नाम प्रकाशित गर्नुपर्नेछ ।

(३) बाबु वा आमा दुवै नभएका निज विद्यार्थीको बाजे वा बज्यैको नाम प्रकाशित गर्नुपर्नेछ ।

(४) अभिभावकको नामावली प्रकाशन गर्दा माध्यमिक तहको कक्षा समेत समावेश गरिनेछ । विद्यालयमा आधारित बालविकास केन्द्रको बालबालिकाहरुका अभिभावकहरुलाई समेत यस प्रयोजनको लागि अभिभावक मानिने छ ।

(५) प्रकाशित अभिभावकको नामावलीमा चित नवुझे वा नाम थप गर्न वा हटाउन वा अन्य विवरण सच्याउनु पर्ने भए अभिभावकहरुले समिति समक्ष आफै उपस्थित भई वा आफ्नो विद्यार्थी मार्फत दुई दिन भित्र स-प्रमाण निवेदन दिनु पर्नेछ ।

(६) अभिभावकको दावी वा विरोध सही देखिएमा समितिले नामावली थपघट गरी सूचना प्रकाशित गर्नेछ । यसरी प्रकाशित नामावली नै अन्तिम हुनेछ । सो संशोधित विवरण विद्यालयको सूचना पाटीमा तत्काल टाँसगरी सार्वजनिक गर्नुपर्नेछ ।

(७) प्रकाशित नामावली उल्लेख भएको व्यक्ति मात्र यस प्रयोजनको लागि अभिभावक मानिनेछ ।

(८) एकै अभिभावकका एक भन्दा बढी वालवालिका विद्यालयमा अध्ययनरत भए पनि उक्त अभिभावक नामावलीमा १ जना अभिभावक मात्र समावेश हुनेछ ।

(९) कक्षागत एवं तहगत उत्तीर्ण भई अन्यत्र गएको बाहेक विद्यार्थीले बीचैमा विद्यालय छाडेमा उक्त अभिभावकको पद स्वतः रिक्त भएको मानिने छ ।

(१०) कम्तिमा ५० प्रतिशत उपस्थित (हाजिरी) नहुने विद्यार्थीको अभिभावकको अभिभावक सूचीमा नामावली समावेश गराइने छैन ।

**५) विद्यालय व्यवस्थापन समिति छनौट सहयोग समितिः**

(१) सामुदायिक विद्यालयको व्यवस्थापन समितिको अध्यक्ष र सदस्यहरु छनौट गर्ने सम्बन्धमा अभिभावकलाई सहयोग गर्न देहायको वि.व्य.स. छनौट सहयोग समिति गठन हुनेछ ।

(क) शिक्षा युवा तथा खेलकुद शाखाको शाखा प्रमुख वा सम्बन्धित क्षेत्रको विद्यालय निरीक्षक वा नीज उपलब्ध नभएमा पालिकाले खटाएको अधिकृत - संयोजक

(ख) सम्बन्धित विद्यालयको प्रधानाध्यापक -सदस्य

(ग) वडा अध्यक्ष वा पालिकाले तोकेको प्रतिनिधी -सदस्य

यस प्रयोजनको लागि प्रधानाध्यापकले सदस्य-सचिवको समेत जिम्मेवारी निर्वाह गर्नुपर्नेछ । यस समितिका सदस्यहरु मध्ये संयोजक समेत बहुमत सदस्य उपस्थित नभई गरेको कार्य मान्य हुने छैन ।

## ६. गणपूरक संख्याः

(१) सम्पूर्ण अभिभावक मध्ये ५१ प्रतिशत वा सो भन्दा माथि अभिभावकको उपस्थितिलाई गणपुरक संख्या मानिनेछ ।

(२) तोकिएका मितिमा अभिभावक भेलाको गणपूरक संख्या नपुग भएमा पुनः अर्को अभिभावक भेला सात दिन भित्र बोलाउनु पर्नेछ । यसरी भेला हुँदा कुल अभिभावक संख्याको ५१ प्रतिशत वा सो भन्दा माथि अभिभावक भेला भए गणपूरक संख्या पुगेको मानिनेछ ।

(३) दोस्रो पटकको अभिभावक भेलामा समेत गणपुरक संख्या नपुगेमा वा अन्य कारणबाट विद्यालय व्यवस्थापन समिति गठन हुन नसकेमा छ महिनाको लागि अस्थायी व्यवस्थापन समिति गठन गर्न नगर शिक्षा समिति समक्ष वडाको सिफारिस सहित विद्यालयले निवेदन पेश गर्नुपर्ने छ । त्यसरी पेश हुन आएको निवेदन उपर नगर शिक्षा समितिले पन्ध्र दिन भित्र एक अस्थायी व्यवस्थापन समिति गठन गर्ने छ । अस्थायी समिति गठन भएको छ महिना भित्र पनि अभिभावक भेला द्धारा विद्यालय व्यवस्थापन समिति गठन हुन नसकेमा फेरी थप छ महिनाको लागि वडा र विद्यालयको सिफारिसमा नगर कार्यपालिकाले अस्थायी व्यवस्थापन समिति गठन गर्ने छ । सो अवधिमा पनि विद्यालय व्यवस्थापन समिति गठन हुन नसक्ने अवस्था आएमा नगर कार्यपालिकाले अर्को व्यवस्था गर्न सक्ने छ ।

(४) कुनै व्यक्तिले सूचना पाइन वा मिलेन भनेको वा कुनै अभिभावक अनुपस्थित भएका आधारमा मात्र भेला रोकिने वा स्थगित बा बद्दर हुने छैन ।

(५) भेलामा वहुमतको निर्णय मान्य हुनेछ ।

(६) भेलाले गरेका कुनै निर्णय उपर चित्त नबुझेमा नगर कार्यपालिकाको कार्यालयमा निवेदन दिन सकिनेछ ।

## ७) अभिभावकबाट छनौट हुने सदस्य पदका लागि योग्यताः

(१) सामुदायिक विद्यालय व्यवस्थापन समितिको सदस्य पदमा देहायको योग्यता पुगेको व्यक्ति मात्र छनौट हुन सक्नेछ ।

(क) नेपाली नागरिक ।

तर नेपाल सरकार सँग भएको सम्झौता बमोजिम खोलिएको विद्यालय व्यवस्थापन समितिको सदस्य अभिभावक मध्ये जुनसुकै व्यक्ति हुन सक्नेछ ।

(ख) सम्बन्धित विद्यालयको विद्यार्थीको अभिभावक भएको यस प्रयोजनका लागि विद्यार्थीको आमा, बाबु वा सो नभएको खण्डमा मात्र वाजे वा बज्यै अभिभावक मानिनेछ ।

(ग) २५ वर्ष उमेर पुगेको ।

(घ) नेपाल सरकारको कुनै पनि स्रोतबाट तलब भत्ता खाने व्यक्ति विद्यालय व्यवस्थापन समितिको सदस्य वा अध्यक्ष हुन पाउने छैन । तर सामाजिक सुरक्षा भत्ता वा निवृतिभरण पाउने व्यक्तिको लागि यो लागु हुने छैन ।

(ङ) कुनै पनि सामुदायिक विद्यालयको शिक्षण पेशामा संलग्न नभएको ।

(च) प्रचलित कानुन बमोजिम कालोसूचीमा नपरेको ।

(छ) विद्यालय संग कुनै आर्थिक लेनदेन, ठेक्का पट्टा वा आर्थिक कारोवार नभएको ।

(ज) नैतिक पतन हुने फौजदारी अभियोगमा सजाय पाई सो सजाय समाप्त भएको ५ वर्ष पूरा नभएको ।

(२) सम्भव भएसम्म व्यवस्थापन समिति समावेशी चरित्रको बनाउनु पर्नेछ ।

**८. पदावधिः**

(१) छनौट भएका सदस्यको पदावधि ३ वर्षको हुनेछ । सदस्यले आफ्नो पद अनुसारको आचरण नगरेको देखिएमा यसरी छान्ने अभिभावकहरुले निजहरुलाई जुनसुकै बखत पदबाट हटाउन सक्नेछ , साथै व्यवस्थापन समितिमा छनौट भएका अभिभावकहरुको विद्यार्थीले शैक्षिक सत्र पुरा नगरी विचैमा

छाड्ने वा अनेत्र विद्यालयमा भर्ना हुने विद्यार्थीका अभिभावक पनि सोही मितिबाट नै समाप्त हुने छ ।

(२) कार्यविधि जारी भएको मितिले विद्यालय व्यवस्थापन समिति नरहेका विद्यालयहरुमा ६ महिना भित्र व्यवस्थापन समितिको गठन गरी सक्नु पर्नेछ ।

**९) पदको समाप्तिः**

(१) सदस्यको पद देहायको अवस्थामा समाप्त हुनेछ :

(क) मूत्यु भएमा,

(ख) कुनै फौजदारी अभियोगमा सजाय पाउने गरी अदालतबाट कसुरदार ठहरिएमा,

(ग) भ्रष्टाचार गरेको ठहर भएमा,

(घ) लगातार ३ वटा भन्दा बढी बैठकमा विना सूचना अनुपस्थित भएमा,

(ङ) शिक्षक वा अन्य लाभको पदमा नियुक्ति भई गएमा,

(च) १ वर्षभन्दा बढी अवधिदेखि अभिभावक नरहेमा ,

(छ) बालविवाह, बहु विवाह, अनमोल विवाह वा अन्य कुनै सामाजिक कुरीति वा अन्धविश्वास जस्ता कार्यहरु गरेमा वा घरेलु हिंसामा संलग्न प्रमाणित भएमा,

## परिच्छेद ३

## अध्यक्ष तथा सदस्यको छनौटका चरणहरु :

### १०) सर्वसम्मत विद्यालय व्यवस्थापन समिति गठनः

(१) प्रचलित शिक्षा ऐन नियमावली बमोजिम सामुदायिक विद्यालयको संचालन, रेखदेख र व्यवस्थापन गर्नको लागि गठन हुने विद्यालय व्यवस्थापन समितिका अध्यक्ष तथा सदस्यहरु सर्वसम्मतिबाट चयन गरिनेछ ।

(२) महिला सदस्यको पदका लागि महिलालाई मात्र छनोट गर्न पाउनेछन् ।

### ११) अभिभावक भेलाः

(१) अभिभावक भेलाको लागि प्रधानाध्यापकले कम्तिमा सात दिनको म्याद दिई सूचना प्रकाशन गर्नु पर्नेछ ।

(२) प्रकाशित सूचना अनुसार तोकिएको मिति र समयमा अभिभावक भेला गर्नुपर्नेछ ।

(३) प्रथम अभिभावक भेलामा अभिभावक समक्ष प्रधानाध्यापकले हाल सम्म भएका गतिविधि, काम कारवाही, अगामी कार्य योजना लगायत विद्यालयको सम्पूर्ण वस्तु स्थिति झल्किने विवरण पेश गर्नुपर्नेछ ।

(४) भेलाको अध्यक्षता व्यवस्थापन समिति अध्यक्षले गर्नेछ । निज नभए सदस्यहरु मध्ये उमेरको हिसाबले ज्येष्ठ सदस्यले गर्नेछ । कुनै सदस्य पनि कायम नभएमा छनौट सहयोग समितिका संयोजकले भेलाको अध्यक्षता गर्नेछ ।

(५) सदस्यहरुको छनौट सम्बन्धी सम्पूर्ण कार्य छनौट सहयोग समितिले गर्नेछ । साथै आवश्यक आचारसंहिता, निर्देशन, समय र प्रक्रिया समेत तोक्न सक्नेछन् ।

(६) शपथ ग्रहणः छनौट भएका सदस्यहरुको शपथ ग्रहण छनौट सहयोग समिति समक्ष गर्नु पर्नेछ ।

## परिच्छेदः ४

**१२) मनोनित सदस्य सम्बन्धमा ।**

(क) विद्यालयका संस्थापक, स्थानीय बुद्धजिवी, शिक्षा प्रेमी, विद्यालयलाई निरन्तर दश वर्ष देखि सहयोग गर्ने वा विद्यालयलाई दश लाख वा सो भन्दा बढी नगद वा जिन्सी सहयोग गर्ने व्यक्तिहरु मध्येबाट विद्यालय व्यवस्थापन समितिमा मनोनित एक जना महिला सहित दुई जना छनौटको प्रक्रिया देहाय अनुसार हुनेछ ।

**१३.** १२(क) अनुसारको छनौटका लागि अभिभावक भेलाबाट छनौट भएका ४ जना सदस्य प्रधानाध्यापक र बडा प्रतिनिधीको संयुक्त बैठकबाट बहुमत सदस्यको बैठकबाट निर्णय भए

बमोजिम छनौट गरिनेछ । यसरी हुने बैठकको अध्यक्षता उपस्थित मध्येका ज्येष्ठ सदस्यले गर्नेछ ।

**१४.** १२ (क) अनुसारको सदस्य छनौट सर्व सम्मति वा वहुमत प्रक्रियाबाट गरिनेछ ।

## परिच्छेदः ५

### १५. विद्यालय व्यवस्थापन समितिको अध्यक्ष चयन सम्बन्धमा :

१. परिच्छेद ३ र ४ अनुसार छनौट भएका सदस्यहरु मध्येवाट देहाय अनुसार योग्यता भएका सदस्य अध्यक्षको लागि चयन हुनेछ ।

(क) आधारभूत विद्यालय (१-५) का लागि सामान्य लेखपढ गर्न जान्ने, आधारभूत विद्यालय (१-८) का लागि कक्षा ८ को उत्तीर्ण, माध्यमिक विद्यालय (९-१०) का लागि १० कक्षा उत्तीर्ण र माध्यमिक विद्यालय ((९-१२) का लागि कक्षा १२ उत्तीर्ण गरेको, सो नभएमा सो भन्दा कम शैक्षिक योग्यता भएको सदस्य पनि अध्यक्ष हुन सक्ने छ ।

(ख) अध्यक्ष चयनका लागि उपस्थित बहुमत सदस्यको राय मान्य हुनेछ ।

(ग) अध्यक्ष चयन नहुन्जेल सो समितिको अध्यक्षता ज्येष्ठ सदस्यले गर्नेछ । तर प्र.अ. र शिक्षक अध्यक्ष हुन पाउने छैन ।

## परिच्छेद : ६

## विविध

### १६. पदावधिको समाप्ति र जिम्मेवारीः

(१) कुनै पनि विद्यालयको वि.व्य.स.को पदावधि समाप्त भएको अवस्थामा सो समितिले अर्को समिति गठन नभएसम्मका लागि विद्यालयलाई दीर्घकालिन प्रकृतिको असर पर्ने कुनै पनि नीतीगत तथा प्रक्रियागत निर्णय गर्न वा कार्यान्वयन गर्न पाउने छैन। तर यसले विद्यालयको दैनिक प्रशासन लगायतका सामान्य प्रकृतिको कार्य गर्न बाधा पुन्याएको मानिने छैन ।

### १७. रिक्त पदपुर्ति सम्वन्धी व्यवस्थाः

(१) कुनै विद्यालयको वि.व्य.स. अध्यक्ष वा सदस्यले पदावधि सकिनु अगावै राजिनामा दिएमा नियमानुसार लामो समयसम्म पटक( पटक बैठकमा अनुपस्थित भई पद रिक्त भएमा, सो पद जुन प्रक्रियाबाट छनौट भएको हो बाँकी अवधिसम्मको लागि सोही प्रक्रिया र क्षेत्रवाट छनौट गर्न सकिनेछ ।

### १८. अभिभावक मान्यताः

(१) प्राथमिक तहमा कक्षा १ देखि माध्यमिक तहका कक्षा १२ सम्मका बालबालिका विद्यालयमा अध्ययनरत रहँदा तथा स्थानान्तरण प्रमाण-पत्र लिई औपचारिक रुपमा विद्यालय छाडी अन्यत्र नगए सम्मका लागि निजहरुका अभिभावकलाई

अधिकारिक मान्यता दिनु पर्नेछ । तर ५० प्रतिशत हाजिरी नभएको विद्यार्थी को अभिभावकलाई अभिभावकको रुपमा मान्यता दिईने छैन ।

२) उपनियम १ मा जुनसुकै कुरा लेखिएको भए पनि एस.ई.ई. परीक्षा तथा कक्षा १२ को वार्षिक परीक्षामा सम्मिलित भएका विद्यार्थीका अभिभावकहरु विद्यालयको अभिभावक मानिने छैन ।

## १९. पद रिक्त भएको मानिने:

(१) अभिभावकहरुबाट छनौट हुने अध्यक्ष र सदस्यहरुको पद यस कार्यविधि अनुसार गठन भईसकेपछि आफ्ना विद्यार्थीलाई स्थानान्तरण गरी अन्यत्र लगेमा वा अध्ययन गर्न छाडेमा त्यस्ता विद्यार्थीका अभिभावकहरुको पद स्वतः समाप्त भएको मानिने छ ।

## २०. शिक्षक प्रतिनिधि सम्बन्धी व्यवस्था:

(१) वि.व्य.स. मा प्रतिनिधित्व गर्ने शिक्षक सम्बन्धित विद्यालयको शिक्षक स्टाफको बैठकको निर्णयवाट छनौट हुनेछ ।

(२) उपनियम (१) बमोजिम छनौट गर्दा विद्यालयका प्रधानाध्यापकले शिक्षक स्टाफको बैठक बोलाई उक्त विषयलाई बैठकको एजेण्डाको रुपमा राखेर सर्व सम्मत वा बहुमतको आधारमा शिक्षक प्रतिनधीको छनौट गरिनेछ ।

(३) विद्यालय व्यवस्थापन समितिमा छनौट हुने शिक्षक प्रतिनिधि विद्यालयमा स्थायी, अस्थायी, करार प्राथमिक तह देखि माध्यमिक (९-१२) सम्म कार्यरत शिक्षकहरु मध्येबाट छनौट गरिनेछ । सहमतिमा छनौट नभएमा बहुमतको राय मान्य हुनेछ ।

## २१. चन्दादाता सम्बन्धी व्यवस्थाः

(१) शिक्षा ऐन २०२८ को दफा १२ उपदफा १ खण्ड ड १ तथा शिक्षा नियमावली २०५९ को नियम २४ क बमोजिम विद्यालय स्थापना काल देखि हालसम्म विद्यालयलाई पचास हजार रुपैया भन्दा वढी रकम, घर जग्गा उपलब्ध गराउने व्यक्तिलाई व्यवस्थापन समितिको सदस्यमा मनोनित गर्नु पर्नेछ ।

(२) उपनियम (१) बमोजिमका व्यक्ति भएर पनि तत्काल निज उपलब्ध हुन नसकेमा वा निज बसाई सरी अन्यत्र गएको वा विदेश गएका अवस्थामा निजको एकाघरको अर्को सदस्यलाई निजले बस्न चाहेमा सदस्य बनाउनु पर्नेछ ।

(३) विद्यालय उपनियम (१) वमोजिमका चन्दादाताहरु नभएको अवस्थमा सो भन्दा न्यून रकम उपलब्ध गराउने व्यक्तिहरु मध्येबाट वि.व्य.स. ले उपयुक्त ठहऱ्याएको व्यक्तिलाई मनोनित गर्न सकिनेछ ।

(४) यसरी विभिन्न क्षेत्रवाट समावेश हुने वि.व्य.स. पदाधिकारीहरु शिक्षा ऐन तथा नियमावलीको परिधी भित्र सही सकेसम्म समावेशी खालको बनाउनु पर्नेछ ।

## २२. उजुरी गर्न सक्नेः

(१) यस कार्यविधि अनुसार भएको विद्यालय व्यवस्थापन समितिका पदाधिकारीहरुका सम्बन्धमा विद्यालयका वास्तविक अभिभावकहरुलाई चित्त नबुझेमा मनासीब कारण सहित छनौट भएको मितिले १५ दिन भित्र सम्बन्धित विद्यालयमा उजुरी दिन सक्नेछ र सो को बोधार्थ नगर कार्यपालिकाको कार्यालयमा समेत दिन सक्नेछ ।

(२) यसरी रितपूर्वकको उजुरी तोकिएको समयभित्र विद्यालयमा प्राप्त भएमा प्र.अ. ले छनौट सहयोग समितिको बैठक बोलाई सो सम्बन्धमा सम्बन्धित पक्ष तथा आवश्यकतानुसार अन्य अभिभावकहरुलाई समेत बोलाई छानवीन एवं अध्ययन गरी समाधान गर्नु पर्नेछ ।

(३) उपनियम (२) बमोजिमको समितिले समाधान गर्न नसकेमा नगर शिक्षा समितिमा आफु स्वयंम वा विद्यालयको प्रतिनिधी खटाई सो सम्बन्धमा यथार्थ बुझी वा बुझ्न लगाई नियमानुसार निर्णय गर्न सक्नेछ ।

## २३. छनौट सहयोग समितिले आवश्यक कार्य गर्न सक्नेः

(१) विद्यालय व्यवस्थापन समिति छनौट सहयोग समितिले पदाधिकारी छनौट प्रक्रिया सम्पन्न गर्नका लागि प्रचलित शिक्षा ऐन नियमावली तथा यस कार्यविधिको भावनाको प्रतिकूल नहुने गरी अन्य थप कार्यविधि तय एवं सल्लाह लिन, उपयुक्त आचार संहिता निर्माण गर्न तथा छनौट प्रक्रियालाई स्वच्छ, निष्पक्ष र मर्यादित ढंगले सम्पन्न गर्न आवश्यक कार्य गर्न सक्नेछ ।

## २४. सबैको कर्तव्य हुनेः

(१) यस कार्यविधिको पालना गर्नु बागलुङ नगरपालिकामा रहेका सबै सामुदायिक विद्यालय तथा सरोकारवालाहरुको कर्तव्य हुनेछ ।

## २५. बाधा अड्काउ फुकाउने अधिकारीः

(१) यस कार्यविधिले व्यवस्था गरेको कुनै प्रावधान कार्यान्वयन गर्न बाधा अड्काउ फुकाउनु परेमा नगर शिक्षा समितिले त्यस्तो बाधा अड्काउ फुकाउन आवश्यक परिपत्र गर्न वा निर्देशन दिन सक्नेछ ।

## २६. बचाउः

(१) यस अघि भए गरेका कार्यहरु यसै कार्यविधि अनुसार भए सरह मानिनेछ ।

(२) यो कार्यविधि अन्य प्रचलित कानुन संग वाझिएको हदसम्म अमान्य हुनेछ ।

# अनुसुचि १

## अभिभावक नामावली प्रकाशन फाराम

(कार्यविधिको नियम ४ संग सम्बन्धित)

श्री ..................................विद्यालय

.....................................बागलुङ ।

विद्यालय व्यवस्थापन समिति गठन गर्ने प्रयोजनको विद्यालयको अभिभावकहरुको नामावली :

| क्र.स. | अभिभावकको नाम, थर | विद्यार्थीको नाम, थर | ठेगाना | कक्षा | रोल नं. | कैफियत |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |

# अनुसूची- २

विद्यालय व्यवस्थापन समिति सदस्य/महिला सदस्यको लागि दरखास्त फाराम

श्री संयोजक ज्यू,

विद्यालय व्यवस्थापन समिति छनौट सहयोग समिति

श्री ......................................विद्यालय, बागलुङ नगरपालिका ...........बागलुङ ।

उपयुक्त सम्बन्धमा नगर शिक्षा ऐन-२०७६ को दफा-१० चमोजिम यस विद्यालयको विद्यालय व्यवस्थापन समितिको सदस्य/महिला सदस्य हुनको लागि इच्छुक रहेकोले यो दरखास्त फाराम पेश गरेको छु ।

निवेदकको:
नाम थर
ठेगाना
अभिभावक/नामावली क्र.सं.
दस्तखत:
मिति:
प्रस्तावकको नाम थर:
ठेगाना:
अभिभावक नामावली क्र.सं.
दस्तखत:
मिति:
समर्थकको नाम थर:
ठेगाना:
अभिभावक नामावली क्र.सं.
दस्तखत:
मिति:

प्रमाणीकरण मिति २०८२/०४/२७

हरिदत्त कँडेल
प्रमुख प्रशासकीय अधिकृत